वैठक संख्या:१४८

आज मिति २०८३।०६।२४ गते यस गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा वैठक वसी देहाय वमोजिम निर्णयहरु गरियो।

उपस्थितिः

क्र. सं.	नाम,थर	पद	दस्तखत
१	श्री माधवप्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मारसिंङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लाल वहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर वहादुर बुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री ज्ञानु वि.क.	सदस्य	
९	श्री बुटी तामाङ	सदस्य	
१०	श्री शान्ति माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	पुतली
१२	श्री पूर्ण वहादुर घले	सदस्य	
१३	श्री राम वहादुर विश्वकर्मा	सदस्य	
१४	श्री तिलकराम पोखरेल	सचिव	

आमलीट

१-	वासुदेव न्यौपाते	शाउँ समा सदस्य	[signature]
२.	रामहरी न्यौपाते	रा.स्व.पा.	[signature]
३.	लिलानाथ न्यौपाते	ने.क.पा. एमाले	[signature]
४.	श्याम लामा	नेपाली क.पा.	[signature]

प्रस्तावहरु

१. बाढी प्रभावितहरुको सङ्ख्या एकीन गर्ने।
२ कार्यालय भवन प्रयोजनको लागि जग्गा प्राप्तीको प्रकृया अगाडि बढाउने ।
३ विपद व्यवस्थापन कार्यमा भएको खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको कारण यस उत्तरगया गाउँपालिकाको प्रभावित परिवारको तथ्याक मिति २०८३/६/१४ गतेको निर्णयबाट सार्वजनिक गरिएकोमा सो तथ्याकमा पुन: रुजु गरी आज बसेको स्थानीय विपद व्यवस्थापन समितिमा समेत भएको निर्णय समेतको आधारमा तपसिल अनुसारको तथ्याक सार्वजनिक गर्ने ।

तपसिल

वडा	मृतक/वेपत्ता भएको व्यक्तिको सङ्ख्या	मृतक/वेपत्ता भएको परिवारको सङ्ख्या	मृतक/वेपत्ता भएको र घर पुर्ण क्षति भएको घर धुरी सङ्ख्या	बाढीबाट प्रभावित घर धुरी
१	३८४	१९८	३९१	३९१
२	७१	४८	७८	७८
३	२३	१९	२२	२३
४	७८	४७	७३	११४
५	१०३	७५	२०२	४०९

२. यस उत्तरगया गाउँपालिकाको कार्यालय भवन सम्पुर्ण रुपमा वगाएको, सम्पुर्ण कागजात, फर्निचरहरु समेत वगाएकोले हाल पालिकाको कार्यालय सामुदायिक स्वास्थ्य इकाइको भवनमा साँघुरो रुपमा सचालन भै रहेको छ। यसरी यसै भवनमा दीर्घकालीन रुपमा कार्यालय संचालन गर्न कठिन हुने देखिन्छ। कार्यालय भवन संचालन गर्न जग्गा खोजी गर्ने क्रममा लहरेपौवास्थित पालेको सामुदायिक वनमा रहेका जग्गाहरु कार्यालय सचालनको लागि उपयुक्त देखिएको छ। उक्त जग्गाहरु प्राप्ति भएको अवस्थामा UNDP ले कार्यालय भवन वनाउने विषयमा छलफल समेत अगाडि वढेको छ। तर सो जग्गाहरु नेपाल सरकारको नाममा रहेको हुँदा यस गाउँपालिकाको नाममा कायम गरिदिन प्रकृया अगाडि वढाइदिन जिल्ला प्रशासन कार्यालय रसुवामा अनुरोध गर्ने।

३. स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८३/६/२४ गते वसेको बैठकवाट भोटेकोशी वाढीका कारण विपद व्यवस्थापनमा भएका खर्चहरु गाडी भाडाको सम्झौता वमोजिमको रकम, इन्धनको बिल वमोजिमको

2023/6/24
तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

रकम, नीलकण्ठ मा. वि. मा संचालनमा रहेको राहत सामग्री भण्डारण तथा वितरण कार्यमा खटिएका व्यक्तिहरुको डोर हाजिरी वमोजिमको रकम, वडा कार्यालयहरुवाट सिफारिस भइ आएका विल अनुसारको रकम, न्यु सेतीदेवी सप्लायर्स र लामिछाने हार्डवेयरको विल वमोजिमको रकम लगायतका खर्चहरु भुक्तानी गर्न कार्यपालिकामा सिफारिस भए वमोजिमको जम्मा रकम रु. २०,५८,९३९।- (अक्षरेपी वीस लाख अन्ठावन्न हजार नौ सय उनानंचालिस रुपैंया मात्र) अनुमोदन गरी विपद व्यस्थापन कोषवाट भुक्तानी गर्ने।

२०८३/६/२८

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत